| ऐन संख्या :- | ०७ |
|---|---|

# छथर जोरपाटी गाउँपालिका
# धनकुटाको
# प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५

गाउँसभाबाट पारित मिति २०७५/३/२६

छथर जोरपाटी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय जोरपाटी, धनकुटा

# छथर जोरपाटी गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन २०७५

**प्रस्तावनाः**

नेपालको संविधानको अनुसूची ८ र ९ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय तहलाई तोकिएको अधिकार क्षेत्र भित्रका विषयमा आवश्यक कानून बनाई प्रशासकीय कार्यविधि नियमित गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१)बमोजिम छथर जोरपाटी गाउँपालिकाको सभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्तनाम, विस्तार र प्रारम्भ :**

(१) यो ऐनको नाम छथर जोरपाटी गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमितगर्ने) ऐन, २०७५ रहेको छ।

(२) यो ऐनपाखीबास नगरपालिका क्षेत्रभित्र तुरुन्तलागू हुनेछ।

२. **परिभाषा :**

(१) बिषयवाप्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) **"ऐन"**भन्नाले पाखीबास नगरपालिकाको प्रशासकीयकार्यविधि (नियमितगर्ने) ऐन, २०७५ सम्झनु पर्छ।

(ख) **"कार्यपालिका"** भन्नाले पाखीबास नगर कार्यपालिका सम्झनु पर्छ।

(ग) **"नगरपालिका"**भन्नाले पाखीबास नगरपालिका सम्झनु पर्छ।

(घ) **"सभा"**भन्नाले संविधानको धारा २२३बमोजिमको बमोजिमको नगरसभा सम्झनु पर्छ।

(ङ) **"संविधान"**भन्नाले नेपालको संविधानलाई सम्झनु पर्छ।

३. **नियमबनाउने अधिकार :**

(१) नेपालको संविधानतथास्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम नगरपालिकालाई तोकिएकाअधिकार क्षेत्रभित्रको विषयमातोकिएको कार्य जिम्मेवारी निर्वाह गर्न अपनाउनु पर्ने कार्यविधि नियमित गर्नको निमित्त पाखीबास नगरकार्यपालिकाले आवश्यकनियमबनाउन सक्नेछ।

(२) उपदफा (१) वमोजिमनियमबनाउँदा संघीय तथाप्रदेश कानूनबमोजिम स्थानीयतहको क्षेत्राधिकार भित्र पर्नेविषयमामात्रबनाउनु पर्नेछ।

४. **निर्देशिका, कार्यविधि र मापदण्ड वनाउन सक्नेः**

(१) संविधान, ऐन तथा यस ऐन अन्तरगतवनेको नियमावलीको अधिनमा रही.पाखीबास नगर कार्यपालिकाले आवश्यकताअनुसार निर्देशिका, कार्यविधि र मापदण्ड वनाई लागूगर्न सक्नेछ।